अनुमोदन राष्ट्रिय दैनिक
वर्ष : २७
अंक २८७
२५ जेठ, आइतबार २०८२
नेपाल संवत ११४५
08 July, Sun. 2025
पृष्ठ ४, मूल्य रु. ५।-

अधिकार सम्पन्न, समृद्ध र सुन्दर सुदूरपश्चिमको आवाज

www.anumodankhabara.com

# अनुमोदन

Anumodan National Daily

राष्ट्रिय दैनिक



यौन दुराचारी जहाँपनि हुन सक्छनर,
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


# “प्रविधिको प्रयोग गरेर राहदानी वितरण प्रभावकारी भएको छ”

**अनुमोदन समाचार**

**धनगढी, जेठ २४ गते ।** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले राहदानी प्राप्त गर्नु नागरिकको अधिकार हो, यसमा कुनै प्रकारको अवरोध हुनु नहुने बताएका छन् ।

राहदानी विभागद्वारा धनगढीमा आयोजित “राहदानी प्रणाली र यसको कार्यदिशा” प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा मन्त्री देउवाले सो कुरा बताए ।

मन्त्री राणाले विगतमा राहदानी बनाउन झन्झटिलो प्रक्रियाले सर्वसाधारणलाई दुःख भएको बताउँदै अब डिजिटल प्रविधिको माध्यमबाट सजिलो र सुलभ सेवा प्रवाह गर्ने दिशामा सरकार अघि बढेको बताए ।

उनले भने, “पहिला राहदानी बनाउन धेरै गाह्रो थियो । अहिले भने अनलाइनबाटै ई–पासपोर्ट सजिलै बनाउन सकिने अवस्था बनिसकेको छ, प्रविधिको प्रयोग गरेर यो प्रणालीलाई अझ प्रभावकारी बनाउने विषयमा पनि सोचिरहेका छौं ।”



मन्त्री राणाले राहदानी वितरण प्रक्रियामा अझै पनि केही समस्या रहेको स्वीकार गर्नुहुँदै एक जिल्लाबाट बनाएको राहदानी अर्को जिल्लामा पठाउने, पुनः त्यहाँबाट ल्याउन जानुपर्ने जस्ता समस्या रहेका छन् त्यो विषयमा सुधारको प्रयास जारी रहेको उनको भनाई छ ।

उनले भने “राहदानी वितरण प्रक्रियामा देखिएका समस्या समाधान गर्न आवश्यक नीति तथा प्रविधिक व्यवस्था गर्न छलफल भइरहेको छ । तपाईहरूले गर्ने प्राविधिक कामले नै सुधार ल्याउनेछ भन्ने विश्वास छ ।” विगतको जस्तो रहदानी बनाउन नागरिकले अब धेरै समस्या खेप्नु नपर्ने समेत मन्त्री राणाको दावी छ ।

सो अवसरमा विभागका महानिर्देशक तीर्थराज भट्टराईले विभागले राहादानी लिने प्रक्रियालाई सहज बनाउन प्रयास भइरहेको बताए । उनका अनुसार “राहदानी प्रणाली र यसको कार्यदिशा” प्रदेश स्तरीय अन्तरक्रिया सातै प्रदेशमा आयोजना भइरहेको छ जसअनुसार कर्णाली र कोशीमा मात्र कार्यक्रम आयोजना बाँकी रहेको छ ।

धनगढीको अन्तरक्रिया कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाल, नौ वटै जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालयमा राहदानी वितरणमा संलग्न कर्मचारीहरूको सहभागिता रहेको थियो ।

**परराष्ट्रमन्त्री राणाद्वारा बेहडाबाबा दर्शन**

त्यस्तै, सुदूरपश्चिमकै शक्ति पीठका रूपमा रहेको बेहडाबाबा मन्दिरमा परराष्ट्र मन्त्री डा. आरजु राणा देउवाले दर्शन गर्नु भएको छ । कैलालीको धनगढी–१६, रामपुरमा रहेको प्रसिद्ध बेहडाबाबा मन्दिरको दर्शन गर्न परराष्ट्र मन्त्री राणा शुक्रबार पुगेकी छन् ।

हरेक वर्ष गंगादशहराका अवसरमा लाग्ने बेहडाबाबा मन्दिरमा दर्शन गर्न पुग्नु भएकी परराष्ट्र मन्त्री राणाले बेहडाबाबाले मन्दिर व्यवस्थापन समितिलाई मायाको चिनो समेत हस्तान्तरण गरेकी थिइन् ।

यसअघि सुदूरपश्चिम आएको समयमा नेपाली काँग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले समेत बेहडाबाबा मन्दिरको दर्शन गरिसकेका छन् ।

सुदूरपश्चिमकै धार्मिक आस्थाको केन्द्रबिन्दु बन्दै गएको बेहडाबाबा मन्दिरको दर्शन गर्न परराष्ट्र मन्त्री राणा आएसँगै यस क्षेत्रको धार्मिक विकासमा मद्दत पुग्ने मन्दिर व्यवस्थापन समितिका अध्यक्ष खेमबहादुर चन्दले जानकारी दिए ।

# अनागरिक भएर बाँच्नु परेको अन्तरलिङ्गीको गुनासो

**अनुमोदन समाचार**

**धनगढी, जेठ २४ गते ।** यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका अन्तरलिङ्गीले आफूहरू मुलुकमा अनागरिक भएर बाँचनु परेको बताएका छन् ।

जन्मँदा अभिभावकले छोरा वा छोरी भनेर हुर्काएका व्यक्ति पछि गएर अन्तरलिङ्गी बनेमा परिवारले नै नस्वीकार्नेदेखि लिएर राज्यबाटै विभेद भोग्नु परेको उनीहरूको गुनासो छ । “बाआमाले छोरी भनेर हुर्काएको व्यक्ति पछि गएर केटाको जस्तो भएमा न समाजले स्वीकार्छ न त राज्यले सेवा सुविधा दिन चाहन्छ,” शुक्रबार धनगढीमा आयोजित कार्यक्रममा परिवर्तनका लागि अभियानका इसन रेग्मीले भने, “समाज र राज्यको व्यवहारले म जस्ता थुप्रै व्यक्ति अनागरिक भएर बाँच्दैछौं ।”

अन्तरलिङ्गी एक वा एकभन्दा बढी जन्मजात यौन विशेषताहरूको शारीरिक विविधता लिएर जन्मेका व्यक्तिलाई वर्णन गर्न बनेको छाता शब्द रहेको जनाइएको छ । अन्तरलिङ्गी ४७ प्रकारका रहेका बताइएको छ । नेपालमा कुल जनसङ्ख्याको १.७ प्रतिशत व्यक्ति अन्तरलिङ्गी रहेको रेग्मीले बताए । उनले ५८ जनामा एक जना अन्तरलिङ्गी रहने गरेको उल्लेख गरे ।

प्रत्येक बालबालिकाको जन्मदर्ता उसको पहिचान अनुसार हुनु पर्ने भन्दै रेग्मीले अन्तरलिङ्गी शब्दलाई सामान्यीकरण गर्न आवयक रहेको औंल्याए । अन्तरलिङ्गीको उसको इच्छाबिना जथाभावी सल्यक्रिया गर्न नपाइने उनको जोड छ । समाजमा इज्जत जाने डरले कतिपय अन्तरलिङ्गीका अभिभावकले लिङ्ग वा यौनी छुट्ट्याउन जबरजस्ती सल्यक्रिया गराउने गरेको जनाइएको छ ।

जन्मदर्ताको ढाँचामा अन्य नभइ अन्तरलिङ्गी नै लेखिनु पर्ने सो समुदायका व्यक्तिको जोड छ । यसैगरी, अन्तरलिङ्गीबारे समाजलाई बुझाउन सचेतना जगाउन आवश्यक रहेको भन्दै त्यसको सुरुवात राज्यले नै गर्नु पर्ने जोड दिइएको छ ।

सुदूरपश्चिम प्रदेश सभा सदस्य सन्तोषकुमारी शर्मा थापाले अन्तरलिङ्गीको सवालमा नीति, नियम निर्माणका लागि प्रदेश सभामा आवाज उठाउनुका साथै प्रदेश सरकारलाई झकझक्याउने बताए । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिले नागरिकता प्राप्त गर्न, बस्न लगायत थुप्रै समस्या खेपिरहेको जनाउँदै उनले भने, “यहाँ जसको सवाल उसैलेमात्रै आफ्नोबारे बोल्नु परिरहेको छ । यस्ता सवाललाई सबैले उठाइ दिनु पर्दछ ।”

त्यस्तै, बेलौरी नगरपालिकाका उपप्रमुख जोगराम(बाँकी ४ पेजमा)

# वन जोगाए फाइदा, दाउराको ठाउँमा ग्यास चुलो

**अनुमोदन समाचार**

**सुखड, जेठ २४ गते ।** कैलालीको चुरे क्षेत्र अन्तर्गत पर्ने मोहन्याल गाउँपालिका–१, कोपिला सामुदायिक वनमा जोडिएका उपभोक्ता महिलाहरू खाना पकाउने ईन्धनको रुपमा ग्यास चुलो पाएपछि खुसीले दंग परेका छन् ।

सधैं खाना पकाउने दाउराको जोहो गर्न जंगलतिर धाउनु परेको थियो अब ती जंगल जानु नपर्ने भएको छ । “ग्यास चुलो पाएपछि अब कस्ले दुःख गर्छ र बर्खामा अझ भिजेका दाउरा नबल्दा खाना पकाउन कम्ति दुख हुन्थ्यो,” ग्यास चुलो पाएपछि खुसी हुँदै मनसरा थापाले भने, “हामीले वन जोगाए बापत आएको आम्दानीबाट नै ग्यास चुलो पाएका हौ ।”

मनसरासंगै ग्यास चुलो पाएका तारा शर्मा समेत खुसी छन् । उनले गाउँमा एकाधले मात्र ग्यास बाल्ने भए पनि सामुदायिक वनबाट निःशुल्क ग्यास चुलो पाएपछि दाउराका लागि वनमा धाउन नपर्ने बताए ।

उनले भने, “ग्यास चुलोमा खाना पकाउदा अब समयको पनि बचत हुने भयो, धुवाँले असर गर्ला भन्ने पनि पिर भएन । भान्सामा खाना पकाउने म जस्ता महिलाकालागि गजव भयो ।” मनसरा र तारा जस्तै सो सामुदायिक वनमा जोडिएका १४८ जना उपभोक्ताले सात हजार बरावरको ग्यास चुलो निःशुल्क पाए ।

कोपिला सामुदायिक वनले ढलापडा काठ बेचेर आम्दानी गरेको रकमले उपभोक्तालाई ग्यासचुलो वितरण गर्ने निर्णय गरेको हो । वन जोगाउने उद्देश्य र उपभोक्ताको स्वास्थ्य सुलभताका लागि ग्यास चुलो वितरण गरिएको वनका अध्यक्ष गणेशबहादुर बुढामगरले बताए ।

उनले आम्दानी दिने वनलाई संरक्षण गर्न उपभोक्ताको दायित्व रहेको उल्लेख गर्दै उपभोक्ताले ग्यास चुलो प्रयोग गरेपछि दाउराका लागि वनमा आश्रित हुन नपर्ने उल्लेख गरे । उनले भने, “सामुदायिक वनमा दाउरा संकलन गर्दा वन फडानी गर्ने, (बाँकी ४ पेजमा)







## सम्पादकीय......................

# लगानी प्रवर्द्धनतर्फ सुदूरपश्चिमको कदम

*सुदूरपश्चिम प्रदेश सरकारले आगामी असोजमा आयोजना गर्न लागेको लगानी तथा विकास सम्मेलनको सन्दर्भमा हालै सम्पन्न प्रिसमिट महत्वपूर्ण अभ्यास रह्यो । यो प्रारम्भिक सम्मेलनले प्रदेशको सम्भाव्यता र आवश्यकताहरूको चित्रण मात्र गरेन, सम्भावित लगानीकर्तासँग प्रत्यक्ष संवाद गर्ने थलो पनि बन्यो । तर अब यसको समिक्षा र मूल्यात्तन गर्नु अत्यन्त आवश्यक छ, ताकि वास्तविक समृद्धिको बाटो पहिल्याउन सकियोस् ।*

*प्रिसमिटले सुदूरपश्चिमको पर्यटन, कृषि, जलविद्युत् र पूर्वाधारमा लगानीको सम्भावनालाई उजागर गरेको छ । साथै, प्रदेश सरकारको प्रयासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताको ध्यान तानेको देखिन्छ । तर, यसलाई केवल प्रचारमुखी वा खर्चमुखी कार्यक्रमको रूपमा सीमित राख्न हुँदैन । वास्तविक लगानी ल्याउन राजनीतिक स्थिरता, पारदर्शी प्रशासन, लगानीमैत्री नीति र आवश्यक पूर्वाधारको सुनिश्चितता अपरिहार्य छन् ।*

*अब सरकार र सरोकारवाला पक्षले प्रिसमिटमा उठेका सकारात्मक सन्देश र सुझावहरूको समीक्षा गरेर कार्यान्वयन योजना बनाउनुपर्छ । कागजमा मात्रै सीमित योजनाले प्रदेशको आर्थिक यथार्थ बदल्न सक्दैन । लगानीकर्तालाई विश्वस्त तुल्याउने वातावरण निर्माण नगरेसम्म मुख्य सम्मेलन पनि प्रभावहीन बन्ने खतरा छ ।*

*अन्ततः सुदूरपश्चिमको समृद्धि सम्भव छ, यदि योजनालाई व्यवहारमा उतार्न सकियो भने। प्रिसमिट एउटा सुरुवात हो, तर सफलताको आधार भनेको निष्पक्ष मूल्यांकन, निरन्तरता र परिणाममुखी कार्यन्वयन हो । जसरी अहिले नेपाल सकारका मन्त्री, राजदूत, दातृ निकायका प्रमुखहरू ल्याउन सकिएको त्यसरी नै पछि पनि यो उपस्थिति बढाउन सकियोस साथै सुदूरपश्चिममा गतिला योजना सञ्चालन गर्न उनीहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग होस वा त्यसरी उनीहरूलाई भन्न सकियोस् ।*

**विशेष छुटका साथ**

**अब चौधरी फेसन टेलर्समा**

हाम्रो यहाँ जुनसुकै किसिमका कोटपाईन्ट, सर्ट, आसकोट, दाउरा सुरुवाल, जुहारी कोट, टाई, टोपीहरू सिलाउनुका साथै स्कुल ड्रेस, क्याम्पस ड्रेस, निजामती कर्मचारीहरूको ड्रेस तथा थान कपडाहरू सुपथ मूल्यमा विक्री गर्नुका
साथै सिलाई पनि गरिछ ।



रेडिमेट कोटपाईन्ट तथा क्याम्पस ड्रेस कोटपाईन्ट मात्र रु. ३५००।- मा



प्रो. विष्णु चौधरी
(९८४८४७१३४७)

**चौधरी फेसन टेलर्स**

धनगढी उपमहानगरपालिका (जिप्रका पुल नजिक)

## साहित्यिक विशेष

# यो घामले त के पोल्छ र जति तिम्रो मायाले पोल्छ !



✍ **जनक अर्याल**

करिब चार वर्ष अगाडि, आफ्नै भूमिलाई चटक्कै बिर्सिएर विदेशी भूमिमा पाइला टेकेको त्यो दिन; काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल।

यात्रुहरूको चाप सधैँ उस्तै! ...दाइ, साउदी जाने कुन लाइन? भनी प्रश्न सोध्दै गर्दा एयरपोर्टभित्र भेटिनु भएका प्रिय दाजु। मेरा लागि आत्मीयता प्रकट गर्नु भएका जनक दाजु हजुरलाई यो बिरानो प्रदेशमा निकै मिस गरेको छु।

हरियो पाखामा टुपुक्क बसेको त्यो मेरो सानो गाउँ जहाँ बिहान घामसँगै बिउँझिने बानी अनि साँझ चन्द्रमासँगै थाकेका अधुरा सपनाहरू निदाउने कोसिसमा हुन्छन्। त्यही गाउँमा छिन् मेरी प्राण प्यारी (सुन्तली) जोसँग मैले जिन्दगी सँगै बाँच्ने कसम खाएको छु। तर परिस्थितिले हामीलाई फरक अनि टाढा दुई किनारामा पुर्‍याइदिएको छ आज।

त्यो दिन सम्झन्छु। मेरो हातमा सानो एउटा झोला अनि आँखाभरि ठुला सपना। छोरोको उज्ज्वल भविष्य, आमाबुबाको उपचार र प्यारीको सिन्दूरको रङ, कहिल्यै नमेटिने ती रङ्गिन आशाहरू।

उनी चुपचाप थिइन्। एकैछिनमा आँगनमा पाइलाका निशानी छाप छाडेर तालो कट्दै गर्दा ...रमेश जाऊ है, तर फर्कन नबिर्सनू भन्दाको त्यो क्षण! मुस्कानको आडमा आँसु लुकाउँदै यति बोल्ने आँट गरेकी थिइन्। निकै नमज्जा लागेको थियो। छाती भारी थियो। मोबाइलमा छोराको फोटो हेर्दै ओरालो झर्दै गरेको त्यो पल। यस्तो लाग्थ्यो, मलाई यो शब्दमा नभएको माया यही फोटोमा लुकिरहेको छ।

साउदी अरेबिया, ४५ डिग्रीको यो तातो घाम। जसोतसो जिन्दगी चल्ला कि भनेर सङ्घर्ष गरिरहेका मेरा यी हातहरू। घर फिर्ने रहर नभएको त कहाँ हो र! उमेर पनि ४० कट्दै छ। उमेरले नेटो काटेपछि हामी गरौँला के? छोराछोरीको भविष्य फेरि खोजौँला कहाँ? तिम्रा पनि त रहर थुप्रै छन्। यी नै भारीहरूले थिचिएर त हाम्रो जीवन अप्ठ्यारो बनेको हो। यही सम्झेर यो मरुभूमिमा पसिना पुछ्दै छु म। कसरी भनूँ म? दर्दहरू तिमी सामु कसरी पोखूँ? तिम्रा आफ्नै पीडाहरू अझै जिउँदै छन्। कसरी सुनाऊँ तिमीलाई?

मरुभूमिको तातो बालुवा जहाँ हिँड्दा यो शरीर पोल्छ।

के गरौँ म ? तिम्रो मायाले योभन्दा बढी त मेरो मन पोल्छ।

यो घामले त के पोल्छ र जति तिम्रो मायाले मलाई पोल्छ!

प्रिया!

करिब दिनको सत्र घण्टाको कामपछि थाकेर कोठामा पस्ने कोसिस गर्छु। गर्मी असाध्यै छ। रुमालले पसिना पुछौँ कि मेरा आँसु? भने जस्तो कम्पनी परिदिएको भए र बिचौलियाले ममाथि खेल नखेलेको भए सायद अहिले म गाउँमै फर्किसक्थेँ होला! सबै कुरा सजिला छैनन् मेरा यहाँ।

तिमीलाई यस्तै यस्तै लेखौँ लाग्छ। भनौँ लाग्छ। फेरि सोच्छु, म आफैँ यति धेरै कमलो भएँ भने तिमी गाउँमा कसरी आँटिली हौली? कसरी निडर बनौली? तर के गरौँ?

तिमी नभएको यो विदेशी दुनियाँ त मलाई सुन्दा सुन्दै टुक्रिएको धुनजस्तै लाग्छ सुन्तु! कहिलेकाहीँ म यो रातको शून्यतामा छतमा बसेर चन्द्रमा हेर्ने आँट गर्छु। फेरि सोच्छु, तिमी पनि म जस्तै यो चन्द्रमा हेरेकी हौली। तुरुन्तै तिमीलाई केही अप्ठ्यारो पर्ला कि भनेर कोठाभित्र प्रवेश गर्छु। मन भारी हुन्छ। त्यो चन्द्रमाले एकछिन त उज्यालो छरेर जान्छ। बिहानी पख फेरि म एक्लै हुन्छु।

सबेरै उठ्छ्यौ। बिहान चुल्हो सल्काउँछ्यौ। यो पनि थाहा छ, बेलुकी यसै गरी तिम्रा आँखा आँसुले सल्किन्छन्। छोराले बाबा भन्न सिकेको छैन तर बाबु सुत्नुभन्दा अघि मेरो तस्बिर देखाउँदै भन्छ्यौ- ...हेर यो बाबाको मुहार हो, सुत्नुअघि हेरेर सुत!

तिमीलाई आशीर्वाद छ सानु। यसै गरी भगवानले सधैँ तिमीहरूलाई हेरिरहुन्।

गाउँमा तिम्रो मुस्कान अझै बाँकी नै छ। तर त्यो मुस्कान पनि निकै गह्रौँ हुँदो हो। तर जेनतेन सम्हालिएकै छौ। कहिलेकाहीँ तिमी पनि घाममा उभिएर यसै गरी सोच्दी हौ; यो शरीर त के पोल्छ र घामले जसरी मेरो वियोगले भित्रभित्रै तिमी पोलिइरहेकी छौ।

समय सधैँ यस्तै न रहला। हामी पनि त सधैँ यस्तै नरहौँला। म एक दिन फर्की आउँला। तिम्रा लागि। हाम्रा लागि। हामी सबैका लागि। त्यो दिन निष्ठुरी परदेशी भनेर मेरो ढोका नछेक्नु ला।

त्यो दिन, तिमी बिहानदेखि झ्यालतिर हेरिरहेकी हुने छ्यौ। म आउने दिन ढोकातिर तिम्रा नजर हुनेछन्। पोते अनि सारी समाएर हत्तपत्त ढोका खोल्न तिमी आउने छ्यौ। तिम्रा मुहारमा आँसु र मुस्कान दुवै एकसाथ हुनेछन्। म सम्हाल्ने कोसिस गर्ने छु।

म ढोकामा उभिएको हुनेछु। छोरो तिम्रो ढाड पछाडि सलले बेरिएर लुक्दै हुनेछ। अनि तिमी मलाई भन्ने छौ- ऊ त तिमीलाई चिन्दैन। मेरो त के कुरा, म त दिनदिनै तिमीभित्र बाँचेकी छु।

मैले केही बोल्न सक्ने छैन। बस् लामो लामो सास! र अनि छोरोलाई अँगालोमा हाल्दै भन्न लाउने छौ, अब म कतै जाँदिनँ, मेरो सारा संसार यही हो! तिमी, ऊ र म। हामी सबै। बाचा गर ला।

अनि त्यो साँझको घाम पहिलो पल्ट हामीलाई मिठो लाग्ने छ। त्यो जून जसले पहिलो पल्ट हामी सबैलाई सँगै शीतलता प्रदान गर्ने छ। किनकि त्यसले अब उप्रान्त कहिले पोल्ने छैन। त्यो दिन त मायाको उज्यालो दिन हुने छ। चम्किलो रात हुनेछ किनकि मेरो घाम मेरो जून सबै सबै मसँगै हुनेछ।

नक-नक! नक-नक!

यतिकैमा जोडसँग घरको ढोका बजेको आवाज आउँछ। बिहानी पखको रात, सुन्तली जर्फराउँदै उठ्छिन्। ढोका नजिकै गएर बस्छिन्। कोही हुँदैन बाहिर।

कस्तो सपना यो! यो कस्तो बातचित!

नजिकै रहेको मोबाइल समाउँछिन्। मोबाइल डिस्प्लेमा उनै श्रीमानको तस्बिर। फेरि हातबाट टेबलमा मोबाइल राख्छिन्। चुलोमा जान्छिन्। तसलाको पानी घटघट पिएर छोरो सुते नजिकै पुग्छिन्। श्रीमानलाई फोन गरौँ कि भनेर जमर्को पनि गर्छिन्। मध्यरात, होस् भनी बिस्तरामा फेरि कोल्टे फेर्ने प्रयास गर्छिन्।

भित्तामा झुन्डिएको परदेशीको उही तस्बिरले उनलाई निदाउन भने पटक्कै दिँदैन।

*साभारः सेतोपाटी अलाइनबाट*



उपासना दुलाल, कक्षाः ६
सिटी स्कूल, धनगढी, कैलाली



भावना भाट, कक्षाः ७
सिटी स्कूल, धनगढी, कैलाली

# पहलमानसिंह स्वाँर नेपाल–भारत अन्तर्राष्ट्रिय साहित्य सम्मेलन सुरु

**अनुमोदन समाचार**

**धनगढी, जेठ २४ गते ।** कैलालीको धनगढीमा पहलमानसिंह स्वाँर नेपाल–भारत अन्तर्राष्ट्रिय साहित्य सम्मेलन तथा दोस्रो प्रादेशिक कविता महोत्सव २०८२ सुरु भएको छ ।

उक्त साहित्य सम्मेलन तथा कविता महोत्सवको सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री एवं कार्यक्रमका प्रमुख अतिथि कमलबहादुर शाहले उद्घाटन गरे ।




उद्घाटन कार्यक्रममा मुख्यमन्त्री शाहले पहलमानसिंह स्वाँर एक साहित्यक व्यक्तित्व मात्र नभएर नेपालको महान व्यक्ति भएको बताए । उनले भने, नेपालको राजनीतिक परिवर्तनमा उनको ठूलो योगदान छ । मित्र राष्ट्र भारतका कला, संस्कृति र विषयवस्तु आदानप्रदानको हिसाबले दुई देश जोडिन जरुरी रहेको मुख्य मन्त्री शाहले बताए ।

यसैगरी कार्यक्रममा सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री मेघराज खण्काले पहलमानसिंह स्वाँरले साहित्यक क्षेत्रको माध्यमबाट नेपालको राजनीतिक परिवर्तनमा ठूलो योगदान पुऱ्याएको बताए । उनले भने, नेपाल भारत खुला सीमानाका भएको देश हो हामीले एकअर्काका सिकाई भोगाई साहित्यका माध्यमबाट होस् या कार्यक्रमका माध्यमबाट होस जोड्नु पर्दछ ।

सम्मेलनमा नेपाल र भारतका साहित्यकारहरूको सहभागिता रहेको छ । समारोहमा स्रष्टा सम्मान, सांस्कृतिक झाँकी प्रदर्शन, कृति लोकार्पण तथा पहलमानसिंह स्वारमाथि प्रा.डा. रामचन्द्र पोखरेलले कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा पूर्वमुख्यमन्त्री राजेन्द्रबहादुर रावल, डेडडा सम्राट नन्दकृष्ण जोशी, प्रा.डा रामचन्द्र पोखरेल, प्रा.डा. निर्मलमणि अधिकारी, प्रा.डा देवी नेपाल, प्रा.डा पिताम्बर अवस्थी, प्रा.डा. हरिश्चन्द्र भट्ट, माधव बियोगीलगायत थुप्रै राष्ट्रिय कलाकार तथा साहित्यकार एवं विशिष्ट व्यक्तित्वहरूको सहभागिता छ ।

सम्मेलनको दोस्रो दिन केही विशिष्ट कविहरूका रचना वाचन र सांगीतिक प्रस्तुति समेत रहने आयोजक सुदूरपश्चिम प्रज्ञा–प्रतिष्ठानका उप कुलपति डा. टिएन जोशीले बताए ।

चुरोट रक्सी र सूर्ती जन्य पदार्थ सेवन नगरौं, स्वस्थ भई स्वास्थ्य लाभ गरौं ।

## अनुमोदन राष्ट्रिय दैनिकको विज्ञापन दररेटसम्बन्धी सूचना

यस दैनिकले २०८१ साउन १ गतेदेखि लागू हुने गरेर निम्न अनुसारको विज्ञापन दररेट कायम गरेको जानकारी सम्बन्धित सबैलाई गरिन्छ ।

| प्रतिसिसी/प्रतिकोलम | दररेट |
| --- | --- |
| पहिलो पृष्ठ | रु.१३०० |
| भित्री पृष्ठ | रु.१२०० |
| अन्तिम पृष्ठ | रु.१२५० |

नोटः उल्लेखित दररेट सरकारी कार्यालयका लागि कायम गरिएको छ । निजी संघ, संस्थाका हकमा भने आपसी सरसल्लाहमा सो दररेटमा परिवर्तन गर्न सकिने छ ।

## जनहीतमा जारी सन्देश

- औषधिहरूको अनावश्यक प्रयोग भण्डारण तथा जथाभावी बिसर्जन नगरौं/नगराऔं ।
- औषधिहरूको आफू खुसी जथाभावी सेवन/प्रयोग गर्नाले स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ ।
- मान्यता प्राप्त चिकित्सकको सिफारिसमा फर्मासिस्टको सल्लाह बमोजिम मात्र औषधि सेवन गरौं/गराऔं ।
- सरकारी स्वास्थ्य संस्थाहरूबाट निर्धारित अत्यावश्यक निःशुल्क औषधिहरू निःशुल्क पाइन्छ तसर्थ निजी स्वास्थ्य संस्थाहरूबाट निःशुल्क वितरण गरिने औषधिहरू खरिद गरी अनावश्यक आर्थिक भार नपारौं र आफू खुसी औषधि खरिद/सेवन नगरौं/नगराऔं ।
- सरकारी स्वास्थ्य संस्था बाट निःशुल्क पाइने औषधिहरू आवश्यक भए मात्र निःशुल्क लिई लाभ उठाऔं ।
- स्वास्थ्य संस्थाहरूमा औषधि तथा स्वास्थ्य सामग्रीहरूको उपलब्धता सुनिश्चित गरौं/गराऔं ।

**प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र**
सुदूरपश्चिम प्रदेश

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२५

पंचेश्वर गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना बैतडी अन्तर्गत पंचेश्वर गाउँपालिकामा सञ्चालित तपसिलका सोलार लिफ्ट खानेपानी तथा सरसफाइ योजनाहरूको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम सोलार लिफ्ट खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरू, सोलार प्यानल, पम्प,र फिटिंगस् लगायतका सामग्रीहरू खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेसिफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरू :**

१. सोलार लिफ्ट खानेपानी योजनाको लागि विभिन्न आवश्यक निर्माण सामग्री, सोलार प्यानल, पम्प र फिटीङ्स् लगातका सामग्रीहरू सप्लाई सम्बन्धी दरभाउपत्र प्रति फाराम रु. ३०००।०० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) पंचेश्वर गाउँपालिकाको नाममा नबिल बैंक लिमिटेड शाखा कुलाउ बैतडीमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग–१.१ आन्तरीक राजस्व खाता–०७६०१०१७५००१६४ सुत्र अनलाईन भौचरको (राजस्व शीर्षक १४२२९) मा सक्कल प्रतिको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइसौ) दिनको कार्यालय समय भित्र पंचेश्वर गाउँपालिकाको कार्यालय आम्चौरा बैतडी र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई, बिरेन्द्रनगर सुर्खेतबाट खरिद गर्न सकिने छ । साथै सप्लाई सम्बन्धी दरभाउपत्र फाराम पंचेश्वर गाउँपालिका कार्यालयको वेभसाइट www.pancheshwormun.gov.np र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेभसाइट www.laccp.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । तर सप्लायरले डाउनलोड गरी प्राप्त गरेको कोटेशन दर्ता गर्दा पंचेश्वर गाउँपालिकाको नाममा रहेको नबिल बैंक लिमिटेड शाखा कुलाउ बैतडीमा रहेको कार्यालयको आन्तरिक राजस्व खाता ग–१.१ आन्तरिक राजस्व खाता–०७६०१०१७५००१६४ सुत्र अनलाईन भौचर (राजस्व शीर्षक १४२२९) मा राजस्व जम्मा गरेको सक्कल प्रति सिलबन्दी दरभाउपत्रमा अनिवार्य संलग्न गरी पेश गर्नुपर्नेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरू २२ औं (बाइसौं) दिनको दिउसो १२:०० बजेभित्र पंचेश्वर गाउँपालिकाको कार्यालय, जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना सहयोग इकाइ बिरेन्द्रनगर, सुर्खेत, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना काठमाडौंस्थित सम्पर्क कार्यालय (विकास व्यवस्थापन संस्था प्रा.लि.(DMI pvt.ltd) काठमाडौं महानगरपालिका वडा नं. ३१ सानोखरीबोट शान्तिनगरमा पनि दर्ता गराउन सकिनेछ । साथै दरभाउपत्र खरिद गरेको बैंक भौचरको सक्कल प्रति सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र सोलार प्यानल, पम्प र फिटिङ्स् लगायतका सामग्रीहरू सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्होरा लेख्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई, हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले २२ औं (बाइसौं) दिनको दिउसो १२.०० बजेभित्र प्राप्त भइसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको तपशिलमा उल्लेखित रोडहेडमा रहेको उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी २०८२ साल असार २२ गते दिउंसो २:०० बजे पंचेश्वर गाउँपालिकाको कार्यालय, आम्चौरामा, उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्री गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा उल्लेखित आइटमहरूको दररेट लेख्दा सबै आइटमहरूको दर अनिवार्यरुपमा अक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ । दरभाउपत्रमा उल्लेखित आइटमहरूको दररेटका आधारमा सप्लायर्स छनौट हुने भएकोले अन्य शर्त मान्य हुनछैन ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

१०.अन्य शर्तहरू परियोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११.यो सूचनामा केही संशोधन गर्नु परेमा सोको सूचना पंचेश्वर गाउँपालिका कार्यालय र सम्बन्धित वडाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२.अन्य थप जानकारी चाहिएमा पंचेश्वर गाउँपालिकाको/बास इकाइ (पंञ्चेश्वर गा.पा.: ९८४८७९८७४६/९८६७८६७५८० र विकास व्यवस्थापन संस्था प्रा.लि.: ९८६८५९०११७) मा सर्म्पक गर्न सकिनेछ ।

**तपसिल**

| क्र.स | योजनाको नाम | ठेगाना | ढुवानी गर्नुपर्ने स्थान |
| --- | --- | --- | --- |
| १ | रोलखोला तिचौरा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | पंचेश्वर ३, बैतडी | तिचौरा, बैतडी |
| २ | पातललेक पालडीधुरा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | पंचेश्वर १, बैतडी | पालडी, बैतडी |

**संयुक्त खरिद समिति पंञ्चेश्वर, बैतडी**

## सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाउने सम्बन्धी अत्यन्त जरूरी सूचना

**देहायका सार्वजनिक स्थलमा कसैले धुम्रपान तथा सुर्तीसेवन गर्न पाउने छैनः**

(क) होटल, रेष्टुरेण्ट, बार, रिसोर्ट, मोटल, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह ।

(ख) सरकारी कार्यालय,निकाय वा संस्था ।

(ग) शिक्षण संस्था विद्यालय, कलेज, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था ।

(घ) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन ।

(ङ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब ।

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला ।

(ज) सार्वजनिक शौचालय ।

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस ।

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट ।

(ट) धर्मशाला तथा धार्मिक स्थल ।

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

- कसैले यी सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गरेमा सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ को दफा १७ बमोजिम कारबाही र सजाय पाउने छन् ।
- माथिका सबै कार्यालय र सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन निषेधको सूचना टाँस गर्नुपर्नेछ । सूचना टाँस नगरेमा सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ को दफा १७ बमोजिम व्यवस्थापक (कार्यालय प्रमुख) लाई पाँच हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।
- कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधन भित्र धुम्रपान गर्न पाउँदैन ।

नेपाल सरकार
**राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र**
टेकु, काठमाण्डौ ।

## तपाईको आजको दिन

**मेष** : *(चु,चे,चो,ला,लि,लु,ले,लो,अ)* मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । वस्त्र लाभपनि हुनेछ ।

**मिथुन** : *(का,कि,कु,घ,ङ,छ,के,को,हा)* धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछनर । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । भौतिक साधन जुटाउने समय छ । आफ्नो क्षेत्रमा प्रभूत्तरव जमाउन सकिनेछ ।

**सिंह** : *(मा.मि.मु.मे.मो.टा.टि.टु,टे)* भाग्यले विभिन्न अवसर जुराउनेछ । आफ्नो क्षेत्रमा प्रभूत्तरव जमाउन सकिनेछ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ मिल्नेछ । मुद्धा मामिलामा सफलता मिल्नेछ ।

**वृश्चिक** : *(तो.ना,नि,नु,ने,नो,या,यी,यु)* आजको दिन गरेका काममा ढिलासुस्ती हुनेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ संयम रहनु होला । दिनको उत्तरार्धमा अधिक धन खर्च हुनेछ ।

**मकर** : *(भो,जा,जि,खि,खो,खे,गा,गि)* वद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरुको विश्वास जित्न सकिनेछ । आकस्मिक धन लाभ हुनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कन्या** : *(टो,प,पि,पु,ष,ण,ठ,पे,पो)* ाज मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ ।

**वृष** : *(इ,उ,ए,ओ,वा,वी,वे,वु,वो)* शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** : *(हि,हु,हे,हो,डा,डि,डु,डे,डो)* समय प्रतिकुल भई कुलतमा मन जानेछ । घर परिवारमा झैं-झमेलाको अवस्था आउला । लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला ।

**तुला** : *(र,रि,रु,रे,रो,ता,ति,तु,ते)* आज धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । राज्यबाट मानसम्मान मिल्नेछ । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वाहान सुखपनि मिल्नेछ ।

**धनु** : *(यो,ये,मा,भि,भु,ध,फा,ढ,भे)* आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिन छ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**कुम्भ** : *(गु,गे,गो,सा,सि,सु,से,सो,द)* अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । धार्मिक/सांस्कृतिक सभा-समारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**मीन** : *(दी,दु,थ,झ,ञ,दे,दो,चा,चि)* स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको भलाइका लागि दौडधूप गर्नु पर्नेछ । घरायसी विवाद बढ्नेछ । चोटपटकपनि लाग्न सक्नेछ ।

## वन जोगाए फाइदा...

गोलियाहरू टुक्राउने कार्य रोक्न १४८ जना उपभोक्तालाई १० लाख ३६ हजार रुपियाँ बराबरका ग्यास चुलो वितरण गरिएको छ ।"

सामाजिक उत्तरदायित्व अन्तर्गत समुदायमा समेत काम गर्दै आएको यस वनले बाख्रा वितरण, मिटर बक्स वितरण, खानेपानी मर्मत, सडक ग्राभेल, सिंचाइ, विपन्न बिरामी सहयोग कार्यक्रम, शैक्षिक छात्रवृत्ति लगायतका कामहरू समेत गर्दै आएको छ ।

तराई र चुरे पहाडको भावर क्षेत्रमा रहेको सो सामुदायिक वनले बैज्ञानिक वन कार्यक्रमबाट काठ बिक्री गरेर राम्रो आम्दानी गरेको छ ।

वनका अध्यक्ष बुढा मगरले वैज्ञानिक वनको काठ बिक्रीबाट ३० लाख रुपियाँ बरावरको लागतमा सामुदायिक वनको भवन बनाउनुका साथै सामुदायिक उत्तरदायित्व अर्न्तगत खानेपानी मर्मतलगायतका काममा खर्च गरेको जानकारी दिए ।

उनले भने, "वनको आम्दानीबाट आएको रकम वन संरक्षणमै खर्च गरेका छौं, बर्सेनि झाडी सफा, कट्नी छट्नी, अग्नी नियन्त्रण लगायत वृक्षारोपण गर्ने गरेका छौं ।"

## अनागरिक भएर...

चौधरीले अन्तरलिङ्गीको बारेमा बुझेपछि स्थानीय सरकारलाई आफ्नो नीति तथा कार्यक्रम बनाउन सहज हुने बताए । आफ्नो पालिकाले नीति बनाइसकेको उल्लेख गर्दै उनले अन्तरलिङ्गीको सवाल समेट्न नगर सभाबाट नीति संशोधन गर्ने उल्लेख गरे ।

कार्यक्रममा प्रदेश सभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि, सरकारी कार्यालय, सामाजिक क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाको उपस्थिति रहेको थियो ।


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

यहि मिति २०८२/०१/०५ गते धनगढीदेखि बझाङ जाने क्रममा एलिशा बिष्टको रजिष्टर नम्बर ८०७६८००९०००२ एवम् सिम्बल नम्बर २६८००४४८ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले सम्बन्धि व्यक्ति वा नजिकैको प्रहरी कार्यालय बुझाईदिन हुन अनुरोध गरिन्छ ।

सम्पर्क व्यक्ति : एलिशा विष्ट
मोबाईल नं. ९८६७९५४६३३

## सिद्ध लगनशिल सामुदायिक वन उपभोक्ता समूह

चुरे गा.पा. ६, कैलाली

### सल्लाको आँख्ला (मेटा) बिक्रीवितरण सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०२/२५ गते

यस सामुदायिक वन उपभोक्ता समूह चुरे गाउँपालिका वडा नम्बर ६, कैलालीको नियम अनुसार संकलन भई घाटगद्दी गरि राखिएको ५००० (पाँच हजार) किलोग्राम सल्लाको आँख्ला (मेटा) लाई डाँक बढावढ (बोलकबोल) प्रक्रियाद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गर्दा टेण्डर नपरेकाले दोस्रो पटक यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म तथा कम्पनीले १६औं दिन १:०० बजे समूहको कार्यालयमा हुने डाँकबढावढमा सहभागी हुन आमन्त्रण गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सावउसको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

अध्यक्ष

## काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/२/ २५ गते

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा नं १ मा रहेको यस सावउसको वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको सालको २१ थान गोलिया २०४.८१ क्युफिट, खयर ४३ थान गोलिया ११५.२१ क्यु.फिट,अस्नाको २० थान गोलिया २७२.६८ क्यु फिट जम्मा काठ ८४ थान गोलिया ५९२.७ क्यु फिट जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, सघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आहृवान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सावउसको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री टेङ्नुवा महिला सामुदायिक वन उपभोक्ता समूह**

घोडाघोडी नगरपालिका वडा १, कैलाली

## सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्तीसेवन गर्न नपाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

देहायका सार्वजनिक स्थलमा कसैले धुम्रपान तथा सुर्तीसेवन गर्न पाउने छैनः

(क) होटल, रेष्टुरेण्ट, बार, रिसोर्ट, मोटल, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह ।
(ख) सरकारी कार्यालय,निकाय वा संस्था ।
(ग) शिक्षण संस्था विद्यालय, कलेज, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था ।
(घ) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन ।
(ङ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब ।
(च) उद्योग तथा कल कारखानाका कार्यस्थल ।
(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला ।
(ज) सार्वजनिक शौचालय ।
(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस ।
(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट ।
(ट) धर्मशाला तथा धार्मिक स्थल ।
(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

- कसैले यी सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गरेमा सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ को दफा १७ बमोजिम कारबाही र सजाय पाउने छन् ।
- माथिका सबै कार्यालय र सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन निषेधको सूचना टाँस गर्नुपर्नेछ । सूचना टाँस नगरेमा सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ को दफा १७ बमोजिम व्यवस्थापक (कार्यालय प्रमुख) लाई पाँच हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।
- कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधन भित्र धुम्रपान गर्न पाउँदैन ।

प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

## चटयाङबाट बच्न निम्न उपाय अपनाऔं ।

**घरबाहिर हुंदा**

- ❖आकाशमा बिजुली चम्किदा, गड्याङगुडुङ हुँदा घरभित्र जाऔं,
- ❖नजिकै घर नभए ओतमा बसौं,
- ❖रुख वा बिजुलीको पोलमुनि नबसौं,
- ❖छाता नओढौं,
- ❖खेतबारीमा काम नगरौं,
- ❖कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- ❖ भूँइमा लम्पसार परेर नसुतौं।

**घरभित्र हुंदा**

- ❖टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, बिजुलीका स्वीच अफ गरौं,
- ❖त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
- ❖तारवाला फोन प्रयोग नगरौं, मोबाइल स्वीच अफ गरौं,
- ❖नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- ❖झ्याल, भर्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
- ❖ भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- ➢ फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।
- ➢ धुम्रपान तथा सूर्तीजन्य पदार्थको सेवन नगरौं ।
- ➢ रातको समयमा हिड्डुल गर्दा टर्चलाईटको प्रयोग गरौं ।
- ➢ विभिन्न रोगको प्रकोपबाट बच्न बासि सडेगलेका खानेकुराहरू नखाउँ ।
- ➢ किटनाशक विषादी र मलको सट्टा प्रांगारिक मलको प्रयोग बढाउँ ।
- ➢ छोराछोरी दुवैलाई समान व्यवहार गरौं । दुवैलाई पढ्न विद्यालय पठाऔं ।
- ➢ हरियाली वातावरण बनाउन वृक्षरोपण गरौं ।
- ➢ सार्वजनिक जग्गा अतिक्रमण नगरौं ।
- ➢ सडक अवरुद्ध हुने गरी निर्माण सामग्री नराखौं ।
- ➢ खोप सेवाको बारेमा जानकारी लिन महिला स्वास्थ्य स्वयमसेबीका स्वास्थ्यकभी र स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

**भजनी नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
भजनी, कैलाली

## प्रदेश नीति तथा योजना आयोगद्वारा जनहितमा जारी सन्देश

- सार्वजनिक प्रशासनमा मितव्ययिता, पारदर्शिता, प्रभावकारिता, जवाफदेहिता र विधिको शासनका माध्यमबाट नागरिक सन्तुष्टि आर्जन गर्न सुशासन कायम गरौं ।
- प्रदेश सरकार तथा सबै स्थानीय तहहरुले दीर्घकालीन सोँच सहितको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरौं ।
- आवधिक योजना र वार्षिक विकास कार्यक्रमलाई मध्यमकालीन खर्च संरचनासँग अनिवार्य रुपले आबद्ध गरौं ।
- योजना छनौट तथा बजेट विनियोजन गर्दा लाभ-लागत विश्लेषण गरी उत्पादन, उत्पादकत्व, आर्थिक बृद्धि, दिगो राजगारी तथा समृद्धि ल्याउने आयोजनाहरुको पहिचान, प्राथमिकीकरण तथा छनौट गरी आयोजना बैंकमा अनिवार्य प्रविष्टि मार्फत बजेट विनियोजना गर्ने संस्थागत पद्धतिको विकास गरौं ।
- सार्वजनिक वित्तको सदुपयोगिता सुनिश्चित गर्न कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य गर्दा संयुक्त अनुगमन, तृतीय स्वतन्त्र पक्षीय मूल्यांकन जस्ता औजारहरुको प्रयोग गरी जवाफदेहिता प्रबर्द्धन गरौं ।
- प्रदेश तह र स्थानीय तहहरूले कार्यक्रम तथा बजेट तर्जुमा, नीति तथा कानून निर्माण र नागरिक सरोकारका विषयमा आवश्यक नीति तथा कार्यक्रम बनाउँदा समन्वय, सहकार्य र सहअस्तित्वको संवैधानिक मूलमन्त्रमा रही कार्य गरौं ।
- सीमित साधन र श्रोत अधिकतम सदुपयोग गर्न सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र र गैरसरकारी क्षेत्र एवं नागरिक समाजले साझेदारी प्रणालीको विकास गरी दिगो विकास लक्ष्य प्राप्तिमा समुचित योगदान गरौं ।
- अध्ययन अनुसन्धानबाट प्राप्त आधिकारिक सूचना र वस्तुगत तथ्यांकमा आधारित भई योजना तर्जुमा गर्ने प्रणालीको विकास गरौं ।
- समयक्रममा विविध कारणले पछाडि परेका वर्ग, समुदाय, लिंग, क्षेत्र, भूगोल, जातजाति आदि पक्षलाई उच्च प्राथमिकतामा राखी समतामूलक विकासमा विशेष जोड दिऔं ।

**प्रदेश नीति तथा योजना आयोग**
धनगढी, कैलाली





अनुमोदन दैनिकका लागि प्रकाशकः प्रकाशविक्रम शाह, कार्यकारी सम्पादकः भरत शाह, सह–सम्पादकः श्रवण देउवा, कार्यालयः पार्कमोड, धनगढी, कैलाली
फोन नं. ०९१–५२४३४८/५२५७६३, Email: anumodan.daily@gmail.com, Website: *www.anumodankhabar.com*, मुद्रणः समैजी अफसेट प्रेस, धनगढी, प्रधान सम्पादकः मनमोहन स्वाँर

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०२।२५

पंचेश्वर गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना बैतडी अन्तरगत पंचेश्वर गाउँपालिकामा सञ्चालित तपसीलका सोलार लिफ्ट खानेपानी तथा सरसफाइ योजनाहरुको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम सोलार लिफ्ट खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, सोलार प्यानल, पम्प, र फिटिङ्गस् लगायतका सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरु :-

१. सोलार लिफ्ट खानेपानी योजनाको लागी विभिन्न आवश्यक निर्माण सामग्री, सोलार प्यानल, पम्प र फिटीङ्गस् लगातका सामग्रीहरु सप्लाई सम्बन्धी दरभाउपत्र प्रति फाराम रु. ३०००।०० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) **पंचेश्वर गाउँपालिकाको नाममा नबिल बैंक लिमिटेड शाखा कुलाउ बैतडीमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग-१.१ आन्तरीक राजस्व खाता - ०७६०१०१७५००१६४ सुत्र अनलाईन भौचरको (राजस्व शीर्षक १४२२९) मा सक्कल प्रतिको साथमा मूल्य** अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइसौ) दिनको कार्यालय समय भित्र पंचेश्वर गाउँपालिकाको कार्यालय आम्चौरा बैतडी र जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई , बिरेन्द्रनगर सुर्खेतवाट खरिद गर्न सकिने छ । साथै सप्लाई सम्बन्धी दरभाउपत्र फारम पंचेश्वर गाउँपालिका कार्यालयको वेभसाइट www.pancheshwormun.gov.np र जलवायु परिवर्तन स्थानिय अनूकुलन परियोजनाको वेभसाइट www.laccp.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । तर सप्लायरले डाउनलोड गरी प्राप्त गरेको कोटेशन दर्ता गर्दा **पंचेश्वर गाउँपालिकाको नाममा रहेको नबिल बैंक लिमिटेड शाखा कुलाउ बैतडीमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग-१.१ आन्तरीक राजस्व खाता - ०७६०१०१७५००१६४ सुत्र अनलाईन भौचर (राजस्व शीर्षक १४२२९ )** मा राजश्व जम्मा गरेको सक्कल प्रति सिलबन्दी दरभाउ पत्रमा अनिवार्य संलग्न गरी पेश गर्नुपर्नेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु २२ औ (बाइसौ) दिनको दिउसो १२:०० बजे भित्र पंचेश्वर गाउँपालिकाको कार्यालय, जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना सहयोग इकाइ बिरेन्द्रनगर, सुर्खेत, जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना काठमाण्डौ स्थित सम्पर्क कार्यालय (**विकास व्यवस्थापन संस्था प्रा. लि.- DMI pvt.ltd**) काठमाण्डौ महानगरपालिका वडा नं. ३१ सानोखरीबोट शान्तीनगर मा पनी दर्ता गराउन सकिनेछ । साथै दरभाउ पत्र खरिद गरेको बैंक भौचरको सक्कल प्रति सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र सोलार प्यानल, पम्प र फिटिङ्गस् लगायतका सामग्रीहरु सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई, हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले २२ औ (बाइसौ) दिनको दिउसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुको तपशिलमा उल्लेखित रोडहेडमा मा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरि २०८२ साल असार २२ गते दिउँसो २ : ०० वजे पंचेश्वर गाउँपालिकाको कार्यालय, आम्चौरामा, उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, गाँउपालीका कार्यालयका प्रतिनिधिहरु र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा उल्लेखित आइटमहरुको दररेट लेख्दा सबै आइटमहरुको दर अनिवार्यरुपमा अक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ । दरभाउपत्रमा उल्लेखित आइटमहरुको दररेटका आधारमा सप्लायर्स छनौट हुने भएकोले अन्य शर्त मान्य हुनछैन ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना पंचेश्वर गाउँपालिका कार्यालय र सम्बन्धीत वडाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा पंचेश्वर गाउँपालिकाको/बास इकाइ (पञ्चेश्वर गा.पा. : ९८४८७९८७४६/९८६७८६७५८० र विकास व्यवस्थापन संस्था प्रा. लि. : ९८६८५९०११७ ) मा सर्म्पक गर्न सकिनेछ ।

तपसील

| क.स | योजनाको नाम | ठेगाना | ढुवानी गर्नुपर्ने स्थान |
|---|---|---|---|
| १ | रोलखोला तिचौरा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | पंचेश्वर ३ , बैंतडी | तिचौरा ,बैतडी |
| २ | पातललेक पालडीधुरा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | पंचेश्वर १ , बैंतडी | पालडी ,बैतडी |

संयुक्त खरिद समिति पञ्चेश्वर बैतडी